बागमती प्रदेश सरकार

कृषि विकास निर्देशनालय

## पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

# आयोजना कार्यान्वयन एकाई, हेटौंडा

## अगुवा कृषक छनौटका लागि प्रस्ताव पेश गर्ने सूचना

(प्रकाशित मिति २०८१/११/२८)

यस आयोजनाको अगुवा कृषक परिचालन कार्यविधि २०८१ अनुसार तपसिलमा उल्लेखित स्थानीय तहहरुमा प्रत्येक स्थानीय तहमा ५ जनाको दरले अगुवा कृषक छनौट गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यक्रममा सहभागी हुन ईच्छुक न्यूनतम योग्यता पुगेका कृषकहरुले मिति २०८१/१२/१३ गते भित्र उल्लेखित कागजातहरु संलग्न गरी सम्बन्धीत स्थानीय तहको कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १ | धादिङ | गजुरी गाउँपालिका, नेत्रावती डबजोङ गाउँपालिका, त्रिपुरासुन्दरी गाउँपालिका |
| २ | नुवाकोट | लिखु गाउँपालिका, तादी गाउँपालिका |
| ३ | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी नगरपालिका, मेलम्ची नगरपालिका, इन्द्रावती गाउँपालिका |

**आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरुको विवरण :**

(क) अनुसूची-३ बमोजिमको निवेदन

(ख) आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

(ग) अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र

(घ) शैक्षिक योग्यता, तालिम तथा अनुभव सम्वन्धी प्रमाणपत्रहरुको प्रतिलिपी

**अगुवा कृषकको न्यूनतम योग्यता :**

(क) साधारण लेखपढ गर्न सक्ने ।

(ख) कम्तीमा २ रोपनी जमिनमा फलफूल खेती गरिरहेको ।

(क) फलफूल बगैचा नजिकै सिंचाईको श्रोत भएको ।

(ख) फलफूल खेती सम्बन्धी नवीनतम प्रविधिहरु परीक्षण तथा प्रदर्शन कार्यक्रम सञ्चालनगर्न ईच्छुक ।

(ग) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा भएको ।

(घ) फलफूल खेती सम्बन्धी तालिम लिएको ।

(ङ) स्वयंसेवीको रुपमा सेवा दिन र कार्य गर्न अनुसूची-४ बमोजिमको प्रतिवद्धता गरेको ।

(च) अनुसूची-५ बमोजिमको व्यक्तिगत विवरण ।

आवेदन फाराम र अन्य पेश गर्नुपर्ने कागजातहरु आयोजना कार्यान्वयन एकाई वा सम्बन्धित स्थानीय तहको कृषि शाखामा वा निर्देशनालयको वेबसाईट doad.bagamati.gov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीको लागि आयोजना कार्यान्वयन एकाई, हेटौंडाको सूचना अधिकारीको फोन नं. ९८५५०८६३६० वा सम्बन्धित स्थानीय तहको कृषि शाखामा सम्पर्क गर्न हुन अनुरोध छ ।

प्रादेशिक आयोजना व्यवस्थापक